**Journal of Tikapur Multiple Campus**
Vol.6; June 2023
ISSN: 2382-5227
Published by Research Management Cell (RMC)
Tikapur Multiple Campus

# नेपालको संविधानमा प्रयुक्त शब्दभण्डारको अध्ययन

**तिलकदेव गिरी**
टीकापुर बहुमुखी क्याम्पस टीकापुर, नेपाल
Email: tilakgiri4@gmail.com

**लेखसार**

प्रस्तुत नेपालको 'संविधानमा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकको अनुसन्धानात्मक लेख नेपालको संविधान २०७२ मा के कस्ता स्रोतका शब्द प्रयोग भएका छन् भन्ने समस्या तथा यसमा प्रयोग भएका शब्दको स्रोत पहिचान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यसमा अध्ययनको क्षेत्र कानुनअन्तर्गत नेपालको संविधान रहेको छ । यसमा नेपालको संविधानका शब्दहरू आवृत्त नहुने गरी रेखाङ्कन तथा टिपोट गरेर सूचीकरण गरिएको छ। उक्त शब्दहरूलाई गुणात्मक विधिअन्तर्गतको दस्तावेज अध्ययन विधिअनुसार वर्गीकरण तथा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । शब्दहरू सङ्कलन गर्दा खासगरी स्वतन्त्र अर्थयुक्त कोशीय शब्दहरू नछुटाई टिपोट गरिएको छ। यसरी शब्दको सङ्कलन गर्दा जम्मा शब्दसङ्ख्या १६३९ मध्ये १०८२ तत्सम (६६.०१ प्रतिशत), तद्भव ३९५ (२४.१० प्रतिशत) र आगन्तुक १६२ (९.८८ प्रतिशत) पाइए । अध्ययनबाट तत्सम र तद्भव शब्दभन्दा पनि आगन्तुक शब्द अझैं न्यून रहेको पाइयो । नेपालको संविधान नेपाली भाषामा लेखिएको भए पनि यसमा तद्भव शब्दको बाहुल्य पाइएन । मौलिक स्रोतमध्ये तत्सम शब्दलाई नै प्राथमिकता दिइएकाले नेपाली भाषाको मूल कानुनमा संस्कृत शब्दको महत्त्व उल्लेख्य मात्रामा रहेको देखियो । नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा भएकाले नेपालका हरेक नियम कानुन सबैले बुझ्न सक्ने गरी नेपाली भाषामा लेखिनु पर्ने, सरल सम्प्रेष्य र शुद्ध भाषिक प्रयोग हुनुपर्ने कुरामा पनि सजगता अपनाइएको देखिन्छ। प्रस्तुत अध्ययनबाट हरेक नियम कानुनको भाषासम्बन्धी अध्ययन गर्ने भावी अनुसन्धाताहरूका लागि यथोचित सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

***शब्दकुञ्जी*** : आगन्तुक, कानुन, तत्सम, तद्भव, लोकतन्त्र, संविधान

## परिचय

संविधान भनेको देशको आधारभूत कानुनी दस्तावेज हो । यसमा देशका लागि सरकारको गठनलगायत देशको कानुन, नियम, विनियम आदि निर्माण गर्ने व्यवस्थाबारे प्रस्ट्याइएको हुन्छ। नेपालमा सर्वप्रथम वि.सं २००४ माघ ३ मा श्री ३ पद्मशमशेरबाट संविधान जारी भएको थियो । वि.सं. २००७

*Copyright 2023 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

सालको परिवर्तनपछि वि.सं. २००७ चैत्र २९ मा श्री ५ त्रिभुवनबाट अन्तरिम शासन विधान जारी भएको देखिन्छ । वि.सं. २०१५ फागुन १ मा श्री ५ महेन्द्रले नेपाल अधिराज्यको संविधान जारी गरेको पाइन्छ । वि.सं. २०१९ पुस १ मा र वि.सं. २०४७ कार्तिक २३ मा पनि संविधान जारी भएको देखिन्छ । सशस्त्र द्वन्द्वपछि वि.सं. २०६३ मा अन्तरिम संविधान जारी भएको थियो । वर्तमानमा नेपालको संविधान २०७२ लागु भएको छ । यो सबैभन्दा उच्च कानुनी दस्तावेज हो । यो वि.सं. २०७२ आश्विन ३ गतेका दिन संविधान सभाका अध्यक्षद्वारा प्रमाणित तथा राष्ट्रपतिद्वारा हस्ताक्षर भई राजपत्रमा प्रकाशित भएपछि लागु भएको हो । यसमा जम्मा ३५ भाग र यसअन्तर्गत जम्मा ३०८ धाराको व्यवस्था गरिएको छ । यसमा ९ अनुसूचीको व्यवस्था रहेको छ । भाग-१ प्रारम्भिकको धारा ६ मा राष्ट्रभाषाका बारेमा उल्लेख गरिएको छ । यसमा नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने कुरा उल्लेख छ । धारा ७ को उपधारा (१) मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने कुरा उल्लेख छ । उपधारा (२) मा नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने व्यवस्था छ र उपधारा (३) मा भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुने भनिएको छ (पृ. ३-४) । नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत धारा १८ को उपधारा (३) मा भाषाका आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव नगरिने कुरा उल्लेख छ (पृ. ९) । यस संविधानको भाग ३ धारा ३२ उपधारा (१) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो हक प्रयोग गर्ने हक हुने कुरा उल्लेख छ (पृ. १५) । यसको भाग ३२ धारा २८७ अन्तर्गत भाषा आयोगको व्यवस्था गरिएको छ । यसमा भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने कार्य भाषा आयोगको हुने कुरा उल्लेख छ (पृ. १५५) । यसप्रकार भाषालगायत नेपालका हरेक नियम कानुन तथा राष्ट्रिय गतिविधिहरू नेपालको संविधानअनुरूप सञ्चालित छन् । नेपाल बहुभाषिक मुलुक भए तापनि नेपालको संविधान नेपाली भाषामा रहेको छ। नेपालको राष्ट्रभाषा तथा सम्पूर्ण राष्ट्रिय गतिविधिको माध्यम पनि नेपाली भाषालाई मानिएको छ । कतिपय भाषाको स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठनका प्रयास पनि भइरहेका छन् तापनि नेपाली भाषा सबैको साझा भाषा, सम्पर्क भाषा, शिक्षाको माध्यम, राष्ट्रिय गतिविधिको माध्यम र सरकारी कामकाजको माध्यमका रूपमा प्रयोग हुँदै आएको छ। नेपाली भाषा राष्ट्रियस्तरका सूचना सञ्चारको प्रमुख माध्यमसमेत बनेको छ। नेपाली भाषामा व्याकरण, शब्दकोश आदि निर्माण भएका छन् । यसका वैज्ञानिक प्राविधिक शब्दावलीको विकास गर्ने प्रयास भएका छन् । वर्तमान सन्दर्भमा यसको प्रयोग राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरसम्ममा भइरहेको कुरालाई सबैले स्वीकार गरेका छन् ।

नेपाली भाषा शब्दस्रोतका दृष्टिले पनि सम्पन्न रहेको छ । यसमा तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रशस्त उपयोग हुँदै आएको छ। विज्ञान प्रविधिको विकासले नेपाली भाषामा आगन्तुक शब्दको प्रयोग बढ्दै गएको छ । देशभित्रका अन्य भाषाभाषीबाट आएका स्वदेशी आगन्तुक शब्दका साथै विदेशी आगन्तुक शब्दलाई पनि नेपाली भाषाले सहज रूपमा ग्रहण गर्दै आफ्नो शब्दभण्डारलाई सम्पन्न बनाउँदै आएको छ । त्यसैले देशको मूल कानुनका रूपमा रहेको नेपालको संविधान २०७२ मा के कस्ता शब्दस्रोतको उपयोग भएका होलान् भन्ने समस्यामा प्रस्तुत अनुसन्धानात्मक लेख केन्द्रित रहेको छ ।

नेपाली भाषालाई सर्वप्रथम वि.सं. २०१५ को नेपाल अधिराज्यको संविधानले पहिलो स्थान दिएको पाइन्छ । वि.सं. २०१९ को संविधानले नेपाली भाषालाई राष्ट्रभाषाको स्थान दिएको पाइन्छ भने वि.सं. २०६३ को अन्तरिम संविधान र २०७२ को नेपालको संविधानले पनि नेपाली भाषालाई उल्लेख्य महत्त्व दिएको छ । यसलाई आधुनिकीकरणको प्रक्रियामा लैजाने तथा यसको प्रयोगविस्तार गर्ने कार्यहरू पनि केही न केही रूपमा भइरहेको देखिन्छ । वि.सं. २०६८ को जनगणनाले नेपालमा बस्ने १२५ जातिलाई १२३ ओटा भाषामा विचार विनिमय गर्ने अवसर रहेको पुष्टि गरेको छ (पौडेल र भट्टराई, २०७७, पृ. २५९) । नेपालको संविधान २०७२ मा नेपाली भाषाको प्रयोगलाई मुलुकभित्र र बाहिर सूचना यातायात आदि क्षेत्रमा जोड दिने कुरा उल्लेख छ । । यसै गरी नेपालका भाषा योजनाहरूमा भाषिक न्यायको सिद्धान्तलाई कायम राख्न भाषा आयोग कटिबद्ध हुने कुरा उल्लेखख छ (पौडेल र भट्टराई, २०७७, पृ. १३२) । नेपाली भाषाका शब्दभण्डारलाई हेर्दा कतिपय शब्दहरू कुन स्रोतबाट आएका हुन् भन्नसमेत कठिन हुने देखिन्छ । कुनै शब्दमा आगन्तुक स्रोतका आधेय तत्त्व जोडिएका हुनाले तिनलाई तत्सम, तद्भव र आगन्तुक भनेर स्पष्ट सीमा निर्धारण गर्न पनि कठिन हुने देखिन्छ । यस प्रकार नेपालको संविधानमा नेपाली भाषाका शब्दभण्डारमध्ये कुन स्रोतका शब्दलाई के कति मात्रामा उपयोग गरिएको छ भन्ने कुरा प्रस्तुत अध्ययनको मूल समस्या हो ।

प्रस्तुत अनुसन्धानात्मक लेख निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

- नेपाली भाषामा प्रयुक्त शब्द स्रोतको परिचय दिनु र
- नेपालको संविधान २०७२ मा प्रयुक्त शब्दस्रोतको पहिचान गर्नु ।

## पूर्वकार्यको समीक्षा

पोखरेल (२०४८) ले राष्ट्रभाषा पुस्तकमा नेपाली भाषाका शब्दहरूलाई मौलिक र आगन्तुक गरी दुई प्रकारमा विभाजन गरेका छन् । उनले मौलिकअन्तर्गत तत्सम, तद्भव र अर्धतत्सम अनि आगन्तुकअन्तर्गत भारोपेली र अभारोपेली गरी दुई प्रकारमा विभाजन गरेका छन् । ओझा (२०६६) ले नेपालको अन्तरिम संविधान, २०६३ मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । उनले आफ्नो शोधमा तीन सय पैंतिसओटा पारिभाषिक शब्दावलीको अध्ययन गरेको पाइन्छ । उनले नेपालको अन्तरिम संविधान, २०६३ मा प्रयुक्त पारिभाषिक शब्दावलीको सङ्कलन गरी त्यस्ता शब्दावलीको अङ्ग्रेजीमा रूपान्तरणसमेत गरेको पाइन्छ ।

रेग्मी (२०६८) द्वारा कक्षा दशको नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ। प्रस्तुत शोधमा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा रहेका कविता विधामा प्रयुक्त शब्दभण्डारलाई पदवर्गगत र स्रोतको आधारमा वर्गीकरण गरिएको पाइन्छ । अधिकारी र भट्टराई, (२०७० दो.सं), द्वारा प्रयोगात्मक नेपाली शब्दकोश को सम्पादन भएको देखिन्छ । यस कोशमा शब्दको स्रोत, उच्चारण, व्युत्पत्ति जस्ता कुरालाई प्रस्तुत गरिएको छ । देवकोटा (२०७४) ले कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शैक्षणिक शब्दकोश निर्माण शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । उक्त शोधकार्यमा कक्षा सातको नयाँ नेपाली पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको स्रोतका बारेमा अध्ययन गरिएको छ ।

शर्मा (२०७५) ले कानुनका क्षेत्रमा प्रयुक्त पारिभाषिक शब्दको सङ्कलन तथा वर्गीकरण शीर्षकमा स्नातकोत्तर शोधपत्र तयार पारेको पाइन्छ । यसमा कानुनी नेपाली शब्दको सङ्कलन र वर्गीकरण गर्ने उद्देश्य रहेको छ । यसमा कानुनी नेपाली शब्दलाई कार्यका आधारमा, स्रोतका आधारमा सङ्कलन र वर्गीकरण गरिएको छ । यस शोधकार्यमा जम्मा ५८९ ओटा सङ्कलित कानुनी शब्दमध्ये अव्युत्पन्न कानुनी शब्द ९३, व्युत्पन्न कानुनी शब्द ३०२, स्रोत नखुलेका १९४ शब्द  रहेको निष्कर्ष निकालेको पाइन्छ ।

यस्ता नेपाली भाषाका शब्दस्रोतका बारेमा प्रशस्त अध्ययन भएका देखिन्छन् तापनि नेपालको संविधान २०७२ मा प्रयुक्त शब्दहरूको स्रोतका आधारमा हालसम्म अध्ययन भएको पाइएन । त्यसैले उक्त रिक्तता पूरा हुने अपेक्षा राखी प्रस्तुत अनुसन्धानात्मक लेख तयार पारिएको हो ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिअनुरूप दस्ताबेज अध्ययन विधिमा आधारित रहेको छ । पुस्तकालयीय अध्ययन प्रक्रियाबाट तथ्यहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा नेपालको संविधान २०७२ बाट सङ्कलित शब्दहरू रहेका छन् भने द्वितीयक स्रोतका रूपमा नेपाली भाषाका शब्द स्रोतका बारेमा लेखिएका पुस्तकहरू, शब्दकोशहरू पत्रपत्रिका आदि रहेका छन् । यिनबाट तथ्यहरूको अवलोकन, रेखाङ्कन, टिपोट, सूचीकरण वर्गीकरण, तुलना, वर्णन र विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक पर्याधार

यस खण्डमा शब्दस्रोतको परिचय, शब्दलाई वर्गीकरण गर्ने आधार र कानुनी दस्ताबेजहरूमा प्रयोग हुने शब्दका विशेषताबारे प्रकाश पारिएको छ :

### शब्दस्रोतको परिचय तथा वर्गीकरण

स्वतन्त्र रूपमा प्रयोग हुने भाषाको सबैभन्दा सानो अर्थपूर्ण एकाइलाई शब्द भनिन्छ । शब्द रूपभन्दा ठुलो र पदावलीभन्दा सानो भाषिक एकाइ हो । शब्दलाई मूलतः स्रोत, बनोट र कार्य गरी तीन आधारमा वर्गीकरण गर्न सकिन्छ । भाषाका शब्दहरू आउने ठाउँ वा क्षेत्र नै स्रोत हो । नेपाली भाषाको जननी संस्कृत भाषा भएकाले यस भाषामा संस्कृत शब्दहरूको बाहुल्य रहनु स्वभाविकै छ । नेपाली भाषामा स्वदेशी तथा विदेशी विभिन्न भाषाबाट आएका शब्दहरू पनि प्रशस्त रहेका छन् ।

स्रोतका आधारमा नेपाली भाषामा प्रयुक्त शब्दहरूलाई तत्सम, तद्भव र आगन्तुक गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ । नेपाली भाषाका शब्दलाई स्रोतका आधारमा मौलिक र आगन्तुक गरेर दुई प्रकारमा विभाजन गरेको पाइन्छ । मौलिक शब्दअन्तर्गत तत्सम, तद्भव र अर्धतत्सम अनि आगन्तुक अन्तर्गत भारोपेली र अभारोपेली गरी दुई प्रकारमा विभाजन गरेको पनि पाइन्छ (पोखरेल, २०४८, पृ. १३४) । नेपाली भाषाको मूल भाषा संस्कृतबाट आफ्नो रूप नफेरिई उस्तै रूपमा आएका शब्दलाई तत्सम शब्द भनिन्छ (लम्साल, २०७२, पृ. १०३) । संस्कृतबाट आफ्नो रूप केही परिवर्तन गरी नेपालीमा आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ । तद्भव शब्दहरू प्रायः संस्कृतबाट प्राकृत भाषा हुँदै नेपालीमा भाषामा

रूप परिवर्तन भई आएका देखिन्छन् । नेपाली भाषाको आमा प्राकृत र हजुरआमा संस्कृत हो (पोखरेल, २०४८, पृ. १३१) । तत्सम र आगन्तुक शब्दबाहेक अनुकरणात्मक  शब्दहरूलाई पनि तद्भव शब्द नै भन्ने गरिन्छ ।

आगन्तुक शब्द तत्सम र तद्भवबाहेकका शब्द हुन् । "संस्कृतबाहेक अन्य विभिन्न भाषाबाट नेपालीमा आएका शब्दलाई आगन्तुक भनिन्छ (अधिकारी, २०६३, पृ. १९) ।" यी विदेशी तथा स्वदेशी भाषाबाट नेपालीमा आएका शब्दहरू हुन् । विदेशी आगन्तुक, जस्तै : अङ्ग्रेजीबाट आएका : रेडियो, कोट, स्कुल,  टिकट, डाक्टर, फोटो आदि । अरबीबाट आएका : गरिब, किताब, जुलुस, हाकिम आदि । हिन्दीबाट आएका : कच्चा, अचम्म, झापट, आपस आदि । आगन्तुक शब्दअन्तर्गत नेपालमै बोलिने राष्ट्रिय भाषा तथा नेपालबाहिरका सबै भाषाका शब्द पर्दछन् (बराल र एटम, २०६७, पृ. ३८) । आगन्तुक शब्द अन्य विभिन्न भाषाबाट पनि आएका पाइन्छन् । साथै नेपाली शब्दलाई बनोटका आधारमा मूल र व्युत्पन्न गरी दुई प्रकारमा, कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी नौ प्रकारमा वर्गीकरण गरिन्छ । प्रस्तुत लेख मूलतः शब्दस्रोतसँग सम्बिन्धित रहेको छ ।

कानुनी भाषा : संविधान देशको कानुन भएकाले यसमा कानुनी भाषाको प्रयोग गर्नु आवश्यक हुन्छ । कानुनको भाषा सरल, स्पष्ट हुनु पर्दछ । भाषिक जटिलतालाई त्यागेर सरलतामा नै विद्वता झल्कने कुरालाई आत्मसात गर्नुपर्दछ । विगतमा संस्कृत, अरबी, फारसी, उर्दू एवं हिन्दी शब्दहरूको प्रयोग अत्यधिक गरिन्थ्यो । अहिले पनि त्यस्ता खाले कतिपय शब्दहरूले निरन्तरता पाइरहेका छन् । अझ आजकल त अङ्ग्रेजी शब्दहरूको प्रयोग बढी मात्रामा हुने गरेको छ । सम्भव भएसम्म नेपाली भाषाकै प्रयोग गर्नँपर्छ (कानुन आयोग) ।  प्रचलित भइसकेका आगन्तुक शब्दको प्रयोग गर्न भने हिच्किचाउनु हुँदैन । वर्तमान अवधारणा बोकेका अङ्ग्रेजी वा अन्य भाषाका शब्दलाई रूपान्तरण गरी नेपाली भाषामा प्राविधिक शब्द निर्माण गर्नँ आवश्यक हुन्छ तर शब्दको रचना आफूखुसी गर्नँ हुँदैन । यसमा कुनै धर्म, जातजाति, वर्ग, लिङ्ग तथा उमेर समूहलाई होच्याउने, अपमान गर्ने खालका शब्दहरू प्रयोग गर्नु उपयुक्त हुँदैन । अमर्यादित, अश्लील, हेपाहा, गालीबोधक शब्दको प्रयोग पनि प्रयोग गर्नु हुँदैन । समाजमा फुट पैदा गर्ने, आक्रामक भाव झल्कने खालका शब्दको प्रयोग पनि उचित हुँदैन । यसै गरी अर्थको अनर्थ लाग्ने शब्द, उखान टुक्काको प्रयोगलाई पनि उपयुक्त मानिँदैन । कानुनी दस्ताबेजहरूमा सन्दर्भ सामग्रीको प्रयोग पनि उचित हुँदैन । वर्णविन्यासगत तथा अन्य प्रकृतिका व्याकरणिक त्रुटिले पनि संविधानको भाषालाई प्रभावित गर्ने कुरामा कानुन तथा संविधान निर्माता सजग रहनु पर्दछ ।

## नतिजा र छलफल

यस अध्ययनमा नेपालको संविधानमा प्रयुक्त शब्दलाई स्रोतका आधारमा वर्गीकरण गरी यसप्रकार प्रस्तुत गरिएको छ :

नेपालको संविधानमा प्रयुक्त तत्सम शब्दको स्थिति

नेपालको संविधानमा  प्रयुक्त तत्सम शब्दहरूलाई क्रमशः तलको सूचीमा प्रस्तुत गरिएको छ। यस सूचीमा कोष्ठकभित्र रहेको अङ्कले सुरुको वर्णसँग सम्बन्धित शब्दको सङ्ख्यालाई सङ्केत गरेको छ :

अंश, अङ्कित, अखण्डता, अक्षुण्ण, अधिकार, अग्रगामी, अन्त्य, अवधारणा, अमान्य, अधीन, अभिलेख, अभिव्यक्ति, अवहेलना, अपराध, अवस्था, अल्पसंख्यक, असहाय, अवरुद्ध, अभियोग, अनुसन्धान, अमानवीय, अचल, अधिग्रहण, अवलम्बन, अभ्यास, अनतिक्रम्य, अनिवार्य, अवसर, अनुकूल, अनाथ, अशक्त, अनुशासन, अधिकतम, अत्यधिक, अभिवृद्धि, अग्राधिकार, अनियमितता, अविभाज्य, अङ्गीकृत, अतिक्रमण, अपहरण, अन्तरपुस्ता, अन्तर्राष्ट्रिय, असमानता, अस्थायी, अधिकारपत्र, अनुपस्थिति, अभिभारा, अन्यत्र,  अन्तिम, अधिवेशन, अनुरोध, अनुपात, अर्थ, अवधि, अर्थमन्त्री, अद्यावधिक, आयु, आपूर्ति, अनुभव, असंलग्नता, अनुसरण, अयोग्य, अविश्वास, अनुदान, अनुमतिपत्र, अस्वीकृत, आशंका, आन्तरिक, अवरोध, अवज्ञा, अर्धन्यायिक, अख्तियार, असफल, अनुमान, अनुमोदन, अनुगमन, अपाङ्गता, अधिकारी, अभियोग, अमानवीय, अपमानजनक, आवश्यक, अनुचित, अनुकूल, अभाव, आबद्ध, अस्वीकृत, अपर्याप्त, अख्तियारी, अवाञ्छनीय, अधिवक्ता, असमर्थ, अन्वेषण, अधिकारपृच्छा, अतिरिक्त, अध्यापन, अनङ्कित, अर्धवृत्ताकार, अव्यावहारिक, अवाञ्छनीय, अवकाश, अध्यापन, अनुपात, अवधि, अन्य, अनुसूची, अनुपस्थित, अनुमतिपत्र, अटल, गतिविधि, अतिक्रमण, अयोग्यता, अवशिष्ट, अनुदान, अवधि, अवकाश  (११६)।

आत्मसम्मानपूर्वक,  आधारित, आकस्मिक, आर्य, आवास, आस्था, आत्मसात, आय, आन्दोलन, आवधिक, आर्थिक, आधार, आकांक्षा, आस्थावान, आबद्ध, आधारभूत, आकार, आवासीय, आदिवासी, आधुनिकीकरण, आत्मनिर्भर, आचरण आँचल, आयुक्त, आविष्कार, आव्हान, आणविक, आरक्ष, आक्रमण, आदेश, आचारसंहिता, आशंका, आपूर्ति, आयुर्वेदिक, आर्जन, आयोग, आम, आन्तरिक (३८)। इतिहास, इत्यादि, इमानदारीपूर्वक (३) । उत्पीडन, उन्मुख, उल्लेख, उपभोग, उचित, उत्पादन, उपराष्ट्रपति, उत्पादकत्व, उद्योग, उत्पत्ति, उपधारा, उच्चता, उद्देश्य, उत्थान, उत्पीडित, उपभोक्ता, उपचार, उल्लिखित, उपज, उपयुक्त, उपाय, उल्लंघन उत्तरदायी, उपसभामुख, उपर, उपकरण, उपस्थित, उच्च, उद्यमशीलता, उत्खनन, उद्योगधन्दा, उन्नयन, उपाधिउद्धार, उत्प्रेषण, उत्सर्ग, उन्नतिशील, उड्डयन, उपस्थिति, उपेक्षा, उपनिर्वाचन, उपलब्ध, उत्तराधिकार, उपदान (४४)। ऊर्जा (१)। ऋण (१)। एक, एकता, एकात्मक, एकल, एवं, एकाधिकार, एकद्वार (७)। ऐक्यबद्धता, ऐतिहासिक (२) औद्योगिक, औद्योगिकीकरण, औषधि (३)।

कला, कार्यान्वयन, कृषि, कूटनीतिक, कोण, कल्पित, कोटीकोटी, केन्द्रीकृत, कार्य, क्षेत्रीय, क्षेत्र, कर्तव्य, केवल, कारण, क्षतिपूर्ति, कार्यस्थल, कर, कार्यप्रणाली, क्षमता, कृषक, केन्द्र, कुल, कार्यालय, कार्यकाल, कार्यक्षमता, कार्यविधि, कृषियोग्य, कार्यकारिणी, कुरीति, कपिलवस्तु, कारागार, कार्यपालिका, कार्यक्रम, कर्णाली, कायम, कृत्रिम, कार्यकालभर, कार्यान्वयन, क्षमायाचना, क्षेत्री, कर्मचारी, कार्यविधि, क्रियाशील, कोटीकोटी, केवल, क्रम, क्रान्ति,  क्रमशः गरी (४८)।

खस, खाद्य, ख्याति, खाद्यान्न, खानी (५)। गुणस्तरीय, गठन, गतिविधि, गौरवपूर्ण, गणतन्त्रात्मक, गान, गोपनीयता, गम्भीर, गुठी, गर्भावस्था, गणपूरक, ग्राह्य, गोप्य, गणतन्त्र, गौरव, गुप्तचर, गाउँपालिका, गणना (१८)। घण्टा, घृणा, घोषणा (३)। चन्द्र, चलचित्र, चिकिसा, चरम, चल, चेतना, चरित्र,चलाए

(८) । छाप, छापाखाना, छात्रवृत्ति (३) जलउत्पन्न, जनमुखी, जलवायु, जीविकोपार्जन, जवाफदेही, जिल्ला, जाति, जनसांख्यिक, जनसहभागिता, जलस्रोत, जनता, जन, जात, जातीय, जन्म, जनजाति, जीवनयापन, जनपक्षीयता, जनउत्तरदायी, जैविक, जनशक्ति, जनस्वास्थ्य, जनसंख्या, जनसाधारण, जनगणना, जय, जनआन्दोलन, जोखिम, जनमत, जीवन, ज्येष्ठ, ज्ञान, ज्ञानभूमि (३३) । टीका-टिप्पणी, टुहुरा (३) । ठकुरी (१) । तथ्यांक, तुलनात्मक, तवर, तयारी, तत्काल, तत्सम्बन्धी, तुलनात्मक, तह, तरत्याग, त्रिकोण, तीव्र, (१२) । दसी, द्रष्टव्य, दल, दृष्टि, दक्षिण, दुरुत्साहन, दम्पती, दायित्व, दिगो दर्शन, दीर्घकालीन, देवनागरी, दण्डनीय, दलित, द्वन्द्वपीडित, दुरुपयोग, दशनामी, दश, दृष्टिविहीन, दुर्व्यवहार, दुर्गम, दर्शाउने, दास, दूरसञ्चार, दुवै, देश (२६) । धन, धार्मिक, धर्म, धर्मनिरपेक्ष धारा, धनकुटा, धनुषा, धर्मपुत्र, धर्मपुत्री, ध्यान (१०) । नेपाली, नागरिक, निरंकुश, न्याय, निर्माण, निर्वाचन, न्यायपालिका, निहित, निशान, नागरिकता, निष्पक्ष, निर्धारण, नैतिकता, निवारक, निर्मम, निकाय, नामकरण, नीति, निर्देशित, नियमन, निर्यात, निरुत्साहित, निर्णय, न्यूनीकरण, निरंकुश, निलम्बन, नकारात्मक, निर्मूल, नगरपालिका, निजी, नियन्त्रण, न्यून, नियोजन, निष्पक्ष, निश्चित, नियुक्ति, निर्णायक, न्यायाधीश, नियत, नियमित, नियमावली, निरूपण, निवेदन, नवीकरण, निरन्तर, निवृत्तिभरण, न्यायिक, निरन्तर, निरीक्षण, निषेधाज्ञा, निर्धा, न्यायपूर्ण, न्यायोचित, निराकरण, निष्ठावान, नवीकरणीय, नदी, न्यायसम्पादन, नेता, नियतपूर्वक, निःशुल्क, निर्मम, नीच, निर्देशित, नियोजन, निहित, निश्चित, निर्वाचक, नियमित, नवीकरण, निष्क्रिय, नैतिक, निरीक्षण, नामावली, निशान, निकुञ्ज, निवारण, निगम (७८) ।

परिवर्तन, पूर्वप्रमुख, प्रारम्भ, प्रकाशन, प्रमाणीकरण, प्रस्तावना, पीडित, प्रकार, प्रवर्धन, प्रतिस्पर्धात्मक, प्रणाली, प्रतिबद्ध, पूर्ण, प्रारम्भिक, प्रत्येक, प्रयोग, प्रदेश, प्रादेशिक, प्राप्त, पितृत्व, परिणत, प्रदान, पहिचान, प्रमाणपत्र, प्राप्ति, पुनःप्राप्ति, परिचय, पारित, प्रतिकूल, प्रतिबन्ध, पारिश्रमिक, प्रसारण, प्रवाह, प्रचलित, पुनःस्थापना, परिवार, प्रगतिशील, पत्राचार, प्रथा, परम्परा, पहुँच, प्रहरी, प्राविधिक, पालना, पक्षी, पोषण, प्रोत्साहन, पुर्पक्ष, परिमाण, पारदर्शी, पाल, पाठ्य, पुनर्विचार, प्रत्येक, पूरक, प्रदत्त, प्रचलन, प्रजनन, प्रजाति, पारस्परिक, प्रवर्धन, प्रत्याभूति, पूर्वकर्मचारी, पारदर्शी, पुरातात्विक, परिचालन, प्रतिस्पर्धा, प्रतिफल, पूँजी, पूर्वाधार, प्रविधि, प्रतिभा, प्रकोप, प्रभाव, प्रदूषण, पूर्वसूचित, पर्यावरणीय, पुस्तकालय, प्रोत्साहित, प्रभावकारी, प्रत्याभूत, परिपूर्ति, प्रकृति, पर्यटन, पञ्चशील, पुनरावलोकन, प्रतिवेदन, प्रधानमन्त्री, प्रश्न, पृथकीकरण, प्रतिनिधित्व, प्रमुख, पद, पदावधि, पदभार, प्रस्ताव, पालन, पराजित, प्रादेशिक, पूर्ति, पतन, पदमुक्त, प्रस्तुत, प्रथम, परिषद, परामर्श, प्रभावहीन, प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, पुनरावेदन, पदमुक्त, प्रभावहीन, प्रशासन, प्रतिशत, परीक्षा, प्रतियोगितात्मक, प्रतिवादी, पालिका, प्रक्रिया, प्राधिकरण, प्रतिष्ठान, प्रमाण, पूर्वाधार, प्रत्यायोजन, प्रमाणीकरण, प्रादेशिक, प्रतिनिधि, प्रसङ्ग, पहाड, प्रयोग, परिणत, परमादेश, परराष्ट, प्राचीन, परिवहन, पूर्वाधार, पुनर्लाभ, प्रतिस्पर्धी, पदीय, प्रतिरक्षा, प्रतिबन्ध, प्रवाह, प्रतिनिधित्व, पुनःस्थापना, पीडक, परिवर्तन, प्रोत्साहन, विविधीकरण, प्रकृति, पूर्वसावधान, प्रभावकारी, पुर्पक्ष, प्रविधि, प्रतिभा, प्रभाव, पूर्वसावधानी, प्रत्याभूत, परिपूर्ति, परिमाण, प्राप्त, प्रतिशत, प्रादेशिक, पतन, पुनर्विचार, प्राकृतिक, उत्प्रेषण, प्रभावकारी, पशु, पशुपालन, परम्परा, प्रजाति, प्रकोप, पर्वत, पश्चिम, पत्राचार, परीक्षण (१७७) ।

बलिदान, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, बहुदलीय, बहुजातीय, बहुसंख्यक, बालबालिका, बाध्य, बन्द, बन्धक, बौद्धिक, बाल, बल, बस्ती, बालश्रम, ब्राम्हण, बाह्य, बदनियत, बलिदान, बहुल, बन्दी, बन्देज, बहुउपयोगी, बजार, बहिष्करण, बहुमत, बहुलवाद, बहुलता, बन्दीप्रत्यक्षीकरण, बदनियतपूर्वक, बाह्य, बिच (३४) । भक्तपुर, भौगोलिक, भाषिक, भेदभाव, भंग, भूमि, भूउपयोग, भू-स्वामित्व, भूगोलविद, भोगाधिकार, भोजपुर, भाग, भ्रष्टाचारमुक्त, भूभाग, भर्ना, भ्रामक, भूमिहीन, भविष्य, भरपर्दो, भोग (२१) । मुक्त, मान्य, मैत्री, महसूल, मितव्ययी, मापदण्ड, मिति, मौलिक, मान्यता, मूल, मातृभाषा, मातृत्व, महिला, माध्यम, मुलुक, मृत्युदण्ड, मनोरञ्जन, मातृत्व, मेची-महाकाली, मताधिकार, मनोनयन, मातृभूमि, मन्त्रालय, मर्यादा, मार्गनिर्देशन, मतदाता, महाभियोग, मनोनीत, मातहत, महत्त्व, मध्यस्थता, मन्त्री, महालेखा, मानक, माध्यमिक, मानसिक, मनोवैज्ञानिक, मनोरञ्जन, मानव, मूल्य, मान्यता, मर्यादित, मूल्यांकन, मनोनयन, मन्त्रिपरिषद, मर्का, मानवोचित, मुख्यमन्त्री, मातृमृत्युदर, मान्यता, मेलमिलाप, मण्डल, मतभार, मत, संसद, मतभिन्नता, मितव्ययी, मान्य, मानसिक, मार्फत, मापदण्ड, महसूल, मेची-महाकाली, मुद्रण, मत, मृत्यु (६८) ।

यथासम्भव, युक्त, यौनिक, योग्य, योजनाबद्ध, योगदान, युवा, योग्यता, यथाशीघ्र, युद्ध, यातना, योद्धा, यातायात, यौनजन्य (१४) । राहत, रूप, राजपत्र, राष्ट्रहित, राज्यव्यवस्था, राज्य, राष्ट्र, राजकीयसत्ता, रक्षा, राष्ट्रभाषा, रोक, राज्यद्रोह, रचना, रंग, राजस्व, राष्ट्रपति, राष्ट्राध्यक्ष, राष्ट्रिय, राजदूत, राजनीतिक, राष्ट्रसेवक, राज्यशक्ति, रिक्त, रकमान्तर, राजपत्रअनङ्कित, राज्यमन्त्री, राजपत्रांक्ति, राजपत्र, रूपन्देही, राष्ट्रसंघ, रूपान्तरण, राज्यद्रोह, रूपान्तरणक, राष्ट्रसंघ (३४) । लैंगिक, लोकतन्त्र, लोक्तन्त्रात्मक, लेखापरीक्षण, लिपि, लाभ, लिंग, लक्ष्य, लोककल्याणकारी, लोपोन्मुख, लोक्तान्त्रिक, लेखा, लोकसेवा, लिखत, लोकमार्ग, ललितपुर, लेख, लिपि (१८) ।

विधेयक, विभेद, विविधतायुक्त, वर्गीय, विकास, व्यवस्था, व्यक्ति, विवरण, वञ्चित, वंशज, विदेशी, विना, व्यापार, व्यवसाय, विरुद्ध, विद्वेष, वैवाहिक, वैचारिक, वासस्थान, व्यक्तित्व, विवाह, विस्थापित, विश्व, व्यावसायिक विविधीकरण, व्यापारिक, वन, वनस्पति, वार्षिक, वित्तीय, वञ्चितीकरण, विश्वास, विघटन वरिष्ठतम, वैकल्पिक, विषय, विचार, विभिन्न, विशेष, वैज्ञानिक, विपन्न, वस्तु, व्यवसायी, वितरण, वंशीय, विकेन्द्रीकरण, विस्तार, व्यवस्थापन, वन्यजन्तु, वृद्धि, व्यवस्थित, वाक्, विचाराधीन, विनियोजन, व्यय, विदेशी, व्याख्या, व्यासार्द्ध, वृत्त, वृत्ताकार, विन्दु, वीर, विभेद, विशाल, विविधता, व्यवस्था, विकास, वर्ष, विघ्न, वरिष्ठ, विभागीय, वादी, वाञ्छनीय, वाक्स्वतन्त्रता, विद्युतीय, विषादि, विद्यमान, वाणिज्य, व्यवसायीकरण, विस्थापित विपन्न, विशेष, विशृङ्खलता, विज्ञान, विशिष्टीकृत, विश्वविद्यालय, वाणिज्यशास्त्र, विस्थापित, विवाद, विपरीत, वातावरण, वासस्थान, विद्यालय, शैक्षिक, विश्व, वार्षिक, वित्तीय, विश्वास, विशेषाधिकार, व्यवस्थापिकीय, विपद, व्यासार्द्ध, वीर, विशेष, विनिमय, वर्ण, वैचारिक, वितरण, विस्तार,व्यवस्थित, वा, विश्वास, वैज्ञानिक, विशाल, व्यक्तित्व, विश्वशान्ति, वृद्ध (११६) ।

शक्ति, शान्तिपूर्वक, शीर्षक, शपथग्रहण, शोषण, शपथ, शान्ति, शासन, शासकीय, श्रेणी, श्रव्य, श्रव्यदृश्य, शिक्षा, शब्द, शिशु, शुल्क, श्रमिक, शंका, श्रम, शिष्टाचार, शारीरिक, शत्रु, शैक्षिक (२३) । समानुपातिक, समावेशी, समानता, सुशासन, संघ, संघीय, संविधान, संशोधन, सार्वभौमसत्ता, सम्पन्न,

सार्वभौमिकता, स्वाधीनता, स्वाभिमान, स्वतन्त्रता, स्वायत्तता, स्वशासन, स्मरण, सशस्त्र, संघर्ष, सम्मान, सामन्ती, सामाजिक, सांस्कृतिक, सहिष्णुता, समानता, समृद्धि, सुनिश्चित, सहभागितामूलक, सिद्धान्त, समतामूलक, समाज, संकल्प, समाजवाद, सक्षम, समृद्ध, सभा, समान, सूत्र, समष्टि, सम्पन्न, सीमाना, सुरक्षा समुन्नति, सहित, सम्मानार्थ, समाप्ति, सहयोग, संगठन, सदस्य, सम्मानपूर्वक, संस्था, स्थापना, सम्प्रदाय, सु-सम्बन्ध, सार्वजनिक, साम्प्रदायिक, स्थिति, सीमान्तीकृत, सशक्तीकरण, स्पष्टीकरण, सम्पत्ति, सांस्कृतिक, सजाय, सञ्चालन, शिष्टाचार, सञ्चार, समाचार, सम्पादकीय, सामग्री, सूचना, प्रसारण, समय, सनातन, संस्कृति, संरक्षण, साक्षी, सो, सिर्जना, संस्कार, सेवा, समुचित, सन्तुलन, सहभागी, सभ्यता, सम्पदा, संवर्धन, सम्प्रभुता, स्वामित्व, स्वास्थ्य, सूर्य, सकारात्मक, स्याहार, सेवा, समुदाय, सांकेतिक, सर्वांगीण, सेना, समूह, स्रोत, संशोधित, स्थानीय, सर्वोपरि, समानता, सभ्य, सामञ्जस्य, सुदृढ, सद्भाव, सशस्त्र, संझौता, साहित्य, सङ्गीत, सहअस्तित्व, सर्वसाधारण, सहज, समन्याय, सुनिश्चित, सहमति, समर्पित, सेवामूलक, स्वास्थ्यकर्मी, संख्या, सुलभ, स्वदेश, सुसम्बन्ध, सर्वोत्तम, सहभागिता, स्थापना, सामान्य, समाधान, समुन्नत, संसद, स्वायत्त, समाप्त, सम्मिलन, सामरिक, स्वीकृति, सूचकाङ्क, संवत्, सुविधा, सप्तरी, संविधान, सम्पन्न, स्वतन्त्रता, सार्वभौम, सद्भाव, समान, स्पष्टीकरण, सनातन, स्थायी, सन्तान, सन्देश, सन्तुलन, समानीकरण, समष्टिगत, समपूरक, सन्तुलित, स्वाधीनता, स्वास्थ्य, सम्पत्ति, सम्पादन, सम्भाव्यता, संरक्षण, स्वच्छता, साधन, स्रोत, समुचित, समन्वयात्मक, सरल, सम्मति, सर्वोच्च, संवैधानिक, संयुक्त, सहमत, संकट, संकटकालीन, सरोकार, सुपरिवेक्षण, समर्थ, सम्बन्धित, समर्थन, सहायक, समन्वय, सहकारिता, संग्रह, समष्टिगत, समीक्षा, स्वच्छ, समुदाय, नामकरण, स्याहार, सदर, साधक, स्वर, स्थानीय, सुदृढ, साधक, सन्धि, सुपथ, स्वावलम्बी, संलग्न, सर्वसुलभ, संयुक्त, स्वतः, संशोधित, सदन, समर्थन स्वीकृत, सार्वजनिक, सारभूत, स्थापिकीय, सुधार, सांकेतिक, समुदाय, सामञ्जस्य, सद्भाव, सैनिक, साधन, सन्तुलन, समन्वयात्मक, सर्वसाधारण, सहज, सुनिश्चित, सुरक्षा, सुलभ, सर्वोत्तम, स्वीकृति, संलग्न, सर्वसुलभ, समाधान, संयुक्त, समुन्नत, संसद, समतामूलक, सम्भाव्यता, सम्पादन, स्पष्टीकरण, संन्यासी, सदन, सभामुख, सन्देश, सम्बन्धित, स्तर, स्नातक, सरोकार, सारभूत, सदर,समाप्ति, संयोजकत्व, समन्वय, सुधार,सरह, सम्मिलन, सामरिक, स्मारक,सुदृढ, संशोधन, स्वच्छता, संयुक्त, सभामुख, संवैधानिक, सर्वोपरि, संवर्धन (१६६) हिमाल, हित, हिंसात्मक, हस्तान्तरण, हस्तक्षेप, हनन (६) ।

उपर्युक्त शब्दसूचीलाई हेर्दा नेपालको संविधान २०७२ मा १६३९ प्रयोग भएको पाइयो । यी शब्दमध्ये तत्सम शब्द १०८२ पाइए । यी शब्दको सुरुका वर्णलाई हेर्दा सबभन्दा बढी प वर्णबाट सुरुभएका (१७७) पाइए । त्यसपछि क्रमशः स वर्ण (१६७) व वर्ण (११६), न वर्ण (७८) भएका शब्द पाइए । यसमा ऊ, ऋ, ठ वर्ण भएका न्यून (१/१शब्द) मात्र पाइए । तत्सम शब्द जम्मा शब्द सङ्ख्या (१६३९) को ६६.०१ प्रतिशत रहेकाले अन्य शब्दका तुलनामा तत्सम शब्दको प्रयोग उच्च रहेको देखिन्छ । यसैगरी तत्सम शब्दको अक्षरसंरचनालाई हेर्दा एक अक्षर (वन, क्रम आदि) देखि सात अक्षरसम्म भएका (जनसहभागिता, बन्दीप्रत्यक्षीकरण, सहभागितामूलक आदि) शब्द समावेश भएका पाइए ।

## नेपालको संविधानमा प्रयुक्त तद्भव शब्दहरूको स्थिति

नेपालको संविधानमा प्रयुक्त तद्भव शब्दहरूको स्थिति देहायबमोजिम रहेको देखिन्छ :

अठार, अपनाउने अलिकति, अघि, अर्को, अनुसार, अपनाउन, असुली, असोज, अरू (१०) । आफू, आफ्नो, आठ, आएका, आमा, आकार, आफन्त, आँच, आवतजावत (९) । ओसारपसार, ओहदा, ओखलढुङ्गा (३) । इलाम (१) । उठाउन, उमेदवार, उनसाठी, उठाई, ठाइन, उदयपुर, उधारो, उल्टी (८) । एउटा, एक्काइस (२) । कारखाना, कामकाज, कुरा, किनारा, कसैलाई, किसान, कुनै, किसिम कारोबार, कामदार, कालाबजारी, कमैया, कम्हलरी, कुन, कम्ती, किटानी, कसैले, कम, काटिएका, काभ्रे पलान्चोक (२०) । खुल्न, खोल्ने, खेलकुद, खेलाडी, खुलाउन, खुलाई, खुला, खोटाङ, खटाइने, खिची, खिच्ने, खुर्पे (१२) । गरी, गर्दछौं, गाढा, गाई, गरिएको, गरेकी, गरेको, गाली, गरिने, गराउन, गोला, गाभिने, गर्नेछ, गर्दै, गरेका, गर्न, गरे, गुठी, गाउँ (१९) । घर, घुसार्ने, घटाउन, घटाई, घडेरी, घाटा, घाइते (७) । चलिआएका, चाह, चौबिस, चार, चलिरहेको, चलाइ, चाँडो, चासो, चुच्चा, चौड्याउने, चितवन, चक्लाबन्दी, चौथाइ, चलाइने, चालिस, चिनो, चलाए (१७) । छलफल, छ, छनोट, छुवाछुत, छैन,छापा, छाप्न, छाप्ने, छिटो, छरितो, छपन्न, छानबीन, छुट्याइएको, छुट, छुने (१५) । जासुसी, जुनसुकै, जोडिएको, जानकारी, जीउ, जानीजानी, जम्मा, जेठ, जाँच्ने, जाँचबुझ, जोडी, जोड्ने (१२) । झिक्न, झिकाई, झापा (३) । टुंगो (१) । ठहर, ठेगान, ठान्ने, ठाउँ, ठान्न (५) । डोरी, डाँफे (२) । ढुवानी (१) तथा,तल्लो, तोक्ने, तर, त्यस्तो, तिहाइ, तीस, त्यस, तुरुन्त, त्रिसट्ठी, तीन, तेह्रथुम, त्यस्तो, तापनि, तराई (१५) । थारू, थुनामा, थप, थप्ने, थुँगा (५) । दर्ता, दिने, दिएको, दुई, देखिने, दलित, दोहोरो, दोहोर्‍याउने, दिनभित्र, दिँदा, दोब्बर, दायाँतिर, दुबैतर्फ, दसी, दुवै (१५) । धादिङ, धितो (२) । नीलो, नसकिने, नाबालक, नीलो नभएको, नपरेसम्म, नदिई, निकाला, नसम्हाल्न, नेपाल, नहुने, नुवाकोट, नरहेको, नातेदार (१४) । पहिलो, पटकपटक, पर्छ, परेको, पाउन, पछि, पाउने, पनि, पुर्‍याउन, पिछडा, पिछडिएका, पक्राउ, परेका, पर्नेछ, पुऱ्याए, पहुँच, पछाडि, परेका, पारिएका, पैंतिस, पचहत्तर, पैंसठ्ठी, पाएका, पच्चिस, पन्ध्र, पठाइनेछ, पठाउन, परी, पाउने, पटक, पट्टी, पाँचथर, पैंतालिस, पूरा, पाँच, पचास, प्वाल, प्यारो, पार्ने (३९) । फूल, फेला, फैलाउने, फिर्ता, फूल, फैलिएका (६) ।

बनाइने, बसोवास, बाँच्न, बाबु, बाजे, बज्यै, बेपत्ता, बाभिने, बाभिएको, बोल्ने, बढी, बाह्र, बनाउने, बेइज्यती, बनाउन, बेचबिखन,बहिरा, बोलाइ, बेपत्ता, बनाई, बढाई, बसोवास, बडापत्र, बाँडफाँड, बाँकी, बैठक, बराबर, बाँधिनेछ, बढी, बीस, बसेका, बाभिएको, बढुवा, बुझ्ने, बकपत्र, बदनियत, बहत्तर, बताइएका, बारा, बस्ती, बाँधा, बीउबिजन, बाहिर, बन्दी, बाटो, बिक्री, बोलेको, बासिन्दा (४८) । भई, भए, भन्नाले, भुइँ, भएका, भएको, भेला, भरपर्दा, भरपर्दो, भने, भइसकेको, भित्र, भर्ना, भैरहेको, भेटघाट (१५) । मधेसी, माथिल्लो, मानिने, माटो, मिलाउने, महिना, मेलमिलाप, मानी, मौजुदा, माथि, माला, मोरङ, महोत्तरी, मर्का, मकवानपुर, मौका (१६) । यो, यस, यस्तै, त्यस्तो (४) । रहनेछ, राखी, रही, रहेको, रहेका, रोजेको, रामेछाप, रसुवा, राख्न, रगत, रौतहट (११) । लट्ठी, लालीगुराँस, लेखिने, लगाउने, लेखिएको, लिन, लिँदा, लगानी, लागू, लगातार, लाग्यो, लिए, लगाई (१३) । व्यहोर्नुपर्ने (१) । सल्लाह, सबै, सम्झनु, सक्ने, सुनुवाइ, सक्नेछ, सम्बन्धी, सोह्र, सट्टा, सिंचाइ, सेता, सिप, सयौं, सुकुम्वासी, सम्झौता, साझा, सय, सोही, सक्नेछ, सोधभर्ना, सुन्ने, सार्न, सुनुवाइ, सरुवा, सम्हाल्नु, साठी, सात, सोलुखुम्बु, सुनसरी, सर्लाही, संखुवासभा, सिन्धुली, सिन्धुपाल्चोक, सुरु (३४) । हामी, हो, हुनेछ, हुँदाका, हुनेछन्, हुँदा, हातहतियार, हुने, हेर्ने, हेरचाह, हरवा, हलिया (१२) ।

नेपालको संविधान २०७२ मा रहेका तद्भव शब्दहरूलाई हेर्दा जम्मा १६३९ शब्दमध्ये ३९५ तद्भव शब्द पाइए । यीमध्ये क्रमशः ब बाट सुरु भएका सबभन्दा बढी ४८, पाइए भने ट, ढ, इ,व बाट सुरु भएका शब्द न्यून १/१ मात्र पाइए । यसरी हेर्दा नेपालको संविधान २०७२ मा जम्मा शब्दको २४.१० प्रतिशत पाइएकाले तत्सम शब्दका तुलनामा निकै न्यून मात्रामा तद्भव शब्दको उपस्थिति रहेको तथ्य फेला पर्दछ। साथै तद्भव शब्दको अक्षर संरचनालाई हेर्दा एक अक्षर (प्वाल, पाँच आदि) देखि (अपनाउन, काभ्रेपलान्चोक आदि) पाँच अक्षरसम्मका शब्दहरू रहेका पाइए ।

## नेपालको संविधानमा प्रयुक्त आगन्तुक शब्दहरूको स्थिति

नेपालको संविधानमा प्रयुक्त आगन्तुक शब्दहरूको स्थिति देहायबमोजिम रहेको देखिन्छ :

असर,अदालत, असल, असुलउपर, असुली, अड्डा, अनलाइन, अख्तियारी (८) आम्दानी, आम (२) इजलास, इन्जिनियरिङ, इकाइ, इमानदारीपूर्वक (४) । उमेर, उजुरी (२) । एसियाली, एजेन्सी, एफएम (३) । ऐन (१) । औसत (१) । कायम, कानुनी, कसूरदार, कारबाही, करिडोर, कैद, कायममुकायम, किनारा, कम्पनी, कब्जा, करार, कार्बन, कच्चा, कसूर, क्वारेन्टाइन, क्यासिनो (१६) । खारेज, खलल, खरिद, खास, खराब, खर्च, खानतलासी (७) । गैरकानुनी, गरिबी, गलत (३) । चरवा, चालू, चार्टरएकाउन्टेन्सी (३) । जफत, जनावर, जारी, जोखिम, जमीन, जग्गा, जिम्मा, जमानत, जायजेथ, जरिबाना (१०) । झन्डा (१) । टेलिभिजन, ट्रेडयुनियन, ट्रेडमार्क (५) । डिजिटल, डिजाइन (२) । तर्जुमा, तरिका, ताप्लेजुङ, तोक्नु, तोक, तह (६) । देहाय, दाखिल, दस्तुर, दायर, देवानी (५) । नजर, निज, नजिक, नसिहत (४) । पेसा, पेस, पेस्की, पैरबी, पेटेन्ट, प्रेस, पत्ता (७) । फरक, फौजदारी, फैसला, फिर्ता, फ्रिक्वेन्सी (५) । बालिग, बमोजिम, बखत, बापत, बाहेक, बन्द, ब्रेल, बजार, बन्देज, बहस, बिदा, बदर, बारयसोसियसन, बोर्ड, बयान, बीमा, बहाल, बदनियत (१८) । मनासिब, मुस्लिम, म्याद, मुद्दा, मजदुर, मामिला, मार्फत, मौका, माफ, मातहत, महसुल, मुल्तवी, मनाङ, मुस्ताङ (१४) । रोजगार, रेडियो, रोयल्टी, रोह, रकम, राय, रुकुम, रेल, रजिस्टेसन, राहत, राजीनामा (११) । लमजुङ, लगायत (२) । वडा, वकालत (२) । सहिद, सरकारी, सिफरिस, साबिक, सजाय, सहरी, सर्त, ससर्त सिलसिला, सफाइ, सरोकार, सेयर, सबुत, साल, सिरहा, सिम्रिक, सौदाबाजी (१६) । हद, हक, होमियोप्याथिक, हजार, हिरासत, हिस्सा (६) ।

नेपालको संविधान २०७२ मा रहेका आगन्तुक शब्दको प्रयोगलाई अवलोकन गर्दा जम्मा १६३९ शब्दमध्ये १६२ आगन्तुक शब्द पाइए । यीमध्येक वर्णबाट सुरु भएका १६, स बाट सुरु भएका १६, म बाट सुरु भएका १४, ब बाट सुरु भएका १४ शब्द पाइए भने ऐ, औ, झ बाट सुरु भएका शब्द न्यून (१/१ मात्र) पाइए ।आगन्तुक शब्दको अक्षर संरचनालाई हेर्दा एक अक्षर(आम, रेल, हक, हद आदि) देखि .छ अक्षरसम्म (इमानदारीपूर्वक, बारयसोसियसन आदि) ६ अक्षरसम्मका शब्द पाइए । आगन्तुक शब्द जम्मा १६३९को (९.८८ प्रतिशत) रहेको पाइयो । यी तत्सम र तद्भव शब्दका तुलनामा निकै न्यून रहेको देखियो । नेपालको संविधान नेपालीहरूका लागि सम्प्रेष्य हुनु आवश्यक छ । तत्सम र विदेशी आगन्तुक शब्दको व्यापक प्रयोगले यसको सम्प्रेष्यता कमजोर हुने देखिन्छ । कानुनको अध्ययन गरेका शिक्षित वर्गका लागि समेत जटिल हुने गरी शब्द चयन गरिनु र यो विभिन्न अर्थ लगाइ नसकिने अनन्त भाषिक जालोका रूपमा रहन गएमा यसको उपयोगिता ह्रास हुने कुरामा दुई मत हुन सक्दैन । कानुनी

दस्तावेजहरूमा रहनुपर्ने भाषाका सम्बन्धमा नेपालको संविधामा सचेतता अपनाइएको देखिन्छ । नेपाली भाषामा कतिपय कानुनी प्राविधिक शब्दहरूको विकास नभएकाले अरबी स्रोतको प्रयोग पाइन्छ ।

## निष्कर्ष

नेपालको संविधान २०७२ मा रहेका जम्मा १६३९ शब्दमध्ये १०८२ तत्सम शब्दहरू पाइए । यसमा रहेका तत्सम शब्दहरू जम्मा शब्द सङ्ख्याको ६६.०१ प्रतिशत देखिएकाले अन्य शब्दका तुलनामा तत्सम शब्दको छनोट उच्च मात्रामा रहेको पाइयो । यसैगरी तद्भव शब्दहरू ३९५ वटा तथा जम्मा शब्द सङ्ख्याको २४.१० प्रतिशत पाइएकाले तत्सम शब्दका तुलनामा यी निकै न्यून देखिए । आगन्तुक शब्द १६२ वटा पाइए । यी जम्मा शब्द सङ्ख्याको ९.८८ प्रतिशत देखिए । तत्सम र तद्भव शब्दभन्दा पनि आगन्तुक शब्द अझैं न्यून रहेको पाइयो । यसमा नेपालका अन्य भाषाबाट ग्रहण गरिएका शब्द नगन्य पाइए । आगन्तुकमध्ये अरबी स्रोतबाट आएका शब्द उल्लेख्य रहेका र अङ्ग्रेजी शब्दहरू सीमित रहेका पाइए । नेपालको संविधान नेपाली भाषामा लेखिएको भए पनि यसमा तद्भव शब्दको बाहुल्य पाइएन । मौलिक स्रोतमध्ये तत्सम शब्दलाई नै प्राथमिकता दिइएकाले नेपाली भाषाको मूल कानुनमा संस्कृत शब्दको महत्त्व उल्लेख्य रहेको देखियो । नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा भएकाले संविधान लगायत नेपालका हरेक नियम कानुनहरू सबैले बुझ्न सक्ने गरी नेपाली भाषामा लेखिनु पर्दछ । यिनमा सरल सम्प्रेष्य र शुद्ध भाषिक प्रयोग हुनु आवश्यक देखिन्छ । यसमा कानुनी भाषा सरल, स्पष्ट, उखानटुक्का रहित र अनर्थ नलाग्ने प्रकृतिको हुनुपर्ने मान्यताको अनुसरण गरिएको देखिन्छ । अप्रचलित र आफूखुसी शब्दको रचना गर्न नहुने, यसमा कुनै धर्म, जातजाति, वर्ग, लिङ्ग तथा उमेर समूहलाई होच्याउने, अपमान गर्ने खालका शब्दहरू, अमर्यादित, अश्लिल, हेपाहा, गालीबोधक शब्दको प्रयोग गर्न नहुनेजस्ता मान्यतालाई पनि अनुसरण गरिएको देखिन्छ । साथै समाजमा फुट पैदा गर्ने, आक्रामक भाव झल्कने खालका शब्दहरूको प्रयोग नहोस् भन्ने कुरामा पनि सचेतता अपनाइएको देखिन्छ ।

## सन्दर्भसूची

उप्रेती, गङ्गाप्रसाद (२०७९), प्रज्ञा नेपाली बृहत् शब्दकोश,  नेपाल प्रज्ञाप्रतिष्ठान ।

ओझा, मणिराम (२०६६), नेपालको अन्तरिम संविधान, २०६३ मा प्रयुक्त पारिभाषिक शब्दहरूको अध्ययन (अप्रकाशित) स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, स्नातकोत्तर क्याम्पस, विराटनगर ।

देवकोटा, अमृताकुमारी (२०७४), कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको शैक्षणिक शब्दकोश निर्माण, (अप्रकाशित) स्नातकोत्तर शोधपत्र टीकापुर बहुमुखी क्याम्पस ।

नेपाल कानुन आयोग (२०७२), नेपालको संविधान २०७२ ।

पोखरेल, बालकृष्ण (२०४८), राष्ट्रभाषा, साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०७५), नेपाली बृहत् शब्दकोश, नेपाल प्रज्ञाप्रतिष्ठान ।

पौडेल, राजेन्द्र र भट्टराई रमेश (२०७७), नेपालको भाषा नीति र योजनाका आधार, इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

बराल, कृष्णहरि र एटम नेत्र (२०६७), साधारण नेपाली, वर्ल्डवाइड पब्लिकेसन ।

रेग्मी, वेदराज (२०६८), कक्षा दशको नेपाली पाठ्यपुस्तकको कविता विधामा प्रयुक्त शब्दहरूको अध्ययन, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्व विद्यालय, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

लम्साल, रामचन्द्र (२०७२), नेपाली भाषा र व्याकरण, सनलाइट पब्लिकेसन ।

शर्मा, नीता (२०७५), कानुनका क्षेत्रमा प्रयुक्त पारिभाषिक शब्दको सङ्कलन तथा वर्गीकरण, त्रिभुवन विश्व विद्यालय, मानविकी तथा समाजशास्त्र विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।